**माछापुच्छ्रे गाँउपालिका**

गाँउ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की

गण्डकी प्रदेश,नेपाल

प्रथम पटक प्रकाशित मिति २०७६।०४।२९ गते

**नदीजन्य सामाग्री ढुङ्गा, गिट्टी, वालुवा, रोडा (दहत्तर बहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र आवाह्नको सूचना ।**

माछापुच्छ्रे गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालवाट स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद - ३, दफा ११ (घ) ६ बमोजिम चालु आ.व.२०७६/०७७ का लागि तपशिल बमोजिमका नदीजन्य पदार्थ ( घाटगद्धी ) ढुङ्गा,वालुवा, गिट्टी,रोडाको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखि देहाय बमोजिमको मिति र समय भित्र यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेड माछापुच्छ्रे शाखामा रहेको खाता नं १६६००१०१०९२२३४००००01 मा तोकीएको रकम वुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरी मु.अ.कर र अग्रिम आयकर सहितको कूल कवोल रकम को पाँच प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेको प्रभु बैंक लिमिटेड माछापुच्छ्रे शाखामा रहेको खाता नं १६६००१०१०९२२३४००००0४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (बिड बण्ड) संलग्न राखी शिलवन्दी गरी वोलपत्र फाराम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

# तपशिल

**आवश्यक कागजातहरु**

- फर्म दर्ताको प्रमाणित प्रतिलिपि
- ठेक्काको कार्यगर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपि
- मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- आर्थिक बर्ष २०७४।०७५ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

| ठेक्का नं. | वडा नं. | घाटको नाम | उत्खनन् हुने अधिकतम परिमाण घ.मी | न्यूनतम रकम कर बाहेक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| 01/MRM/GHAT/076-77 | ३, ४ | लाहाचोक घाट१,लाहाचोक घाट २,घाचोक घाट १ , घाचोक घाट २ | ११८०५ | २०,८९,४८५।०० | ३,०००।०० |
| 02/MRM/GHAT/076-77 | २ | दवाडिको बगर २, मरेघाट २ , रातो पानी १ | ३६९०० | ६५,३१,३००।०० | ३,०००।०० |
| 03/MRM/GHAT/076-77 | ३ | दवाडिको बगर ३ , मरेघाट ३, रातो पानी २ | ३९९४५ | ७०,७०,२६५।०० | ३,०००।०० |
| 04/MRM/GHAT/076-77 | १ | माछापुच्छ्रे १ माछापुच्छ्रे २ माछापुच्छ्रे ३ माछापुच्छ्रे ४ | २०८०९ | ३६,८३,१९३।०० | ३,०००।०० |
| 05/MRM/GHAT/076-77 | २ | सार्दिखोला १ र २ | २१७८० | ३८,५५,०६०।०० | ३,०००।०० |
| 06/MRM/GHAT/076-77 | १,२ | चैरा चिप्लेटि घाट १ र २, मिर्सा छेवाङ्ग घाट | ५३१०० | ९३,९८,७००।०० | ३,०००।०० |
| 07/MRM/GHAT/076-77 | ६,८ | ठुलोखोर ईदिखोला १ | २८८०० | ४०,६८,२८८।०० | ३,०००।०० |
| 08/MRM/GHAT/076-77 | ६,८ | ठुलोखोर ईदिखोला २ | २८८०० | ४०,६८,२८८।०० | ३,०००।०० |
| 09/MRM/GHAT/076-77 | ६,८ | बेशिखेत ईदिखोला १ | २६२५० | ३७,०८,०७५।०० | ३,०००।०० |
| 10/MRM/GHAT/076-77 | ६,८ | बेशिखेत ईदिखोला २ | २६२५० | ३७,०८,०७५।०० | ३,०००।०० |
| 11/MRM/GHAT/076-77 | ६,८ | बेशिखेत ईदिखोला ३ | २६२५० | ३७,०८,०७५।०० | ३,०००।०० |

<u>शर्त तथा बन्देजहरु</u>

१ टेन्डर फारम खरिद गर्ने मिति, समय र स्थान - दर्तावाला फर्महरुले उल्लेखित ११ वटै प्याकेजका टेन्डर फारम खरिद गर्ने अन्तिम मिति यो सूचना प्रकाशित मितिले ३० दिनभित्र वा मिति २०७६।०५।२६ गते कार्यालय समयसम्म माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, लाहाचोकबाट खरिद गरिसक्नुपर्नेछ वा अनलाईन बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले बोलपत्र दस्तुर प्रभु बैङ्क लि.मा रहेको यस कार्यालयको राजश्व खातामा जम्मा गरि सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गर्न सकिने छ।

२ बोलपत्र फारम दाखिला गर्ने र खोल्ने मिति, समय र स्थान — मिति २०७६।०५।२७ गते दिउँसो १२:०० बजे भित्र माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, लाहाचोकमा पेश गर्नु पर्नेछ वा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np/egp बाट पेश गर्न सकिनेछ।तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरु मिति २०७६।०५।२७ गते दिउँसो २:०० बजे माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय लाहाचोकमा खोलिने छ।दर्ता भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको रोहबरमा खोलिने छ , बोलपत्र खोल्दा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन।

३ खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम शिलबन्दी गरी खाम बाहिर फर्मको नाम ठेगाना र ठेक्काको विवरण लेखी माथि उल्लेखित मिति र समय भित्र खामबन्दी गरी यस कार्यालयमा वोलपत्र पेश गर्न सकिने छ।

४ ठेकेदार र गाँउपालिका बीच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा माछापुच्छ्रे गाँउपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज पालना गर्नु पर्नेछ ।

५ ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पूर्व नै कर सहितको कवुल रकम एकमुष्ट बुझाएमा पाँच प्रतिशत छुट दिइनेछ । सो नभए प्रथम किस्ता वापत कवोल रकम रकमको कम्तिमा पचास प्रतिशत कर सहितको रकम यस कार्यालयको ग ४२ राजस्व वाँडफाँड खाता न. १६६००२०१०९२२३४००००६ खातामा जम्मा गर्नु पर्नेछ । पचास प्रतिशत रकमको हकमा १ बर्ष मान्य अबधि रहेको नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क

वर्गको वाणिज्य बैकवाट यस कार्यालयको नाममा जारी गरिएको बैक जमानत पेश गर्नु पर्नेछ । बोलपत्र स्विकृत भएपश्चात सम्झौता गर्न नआएमा धरौटी जफत गरिने छ।

६ तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाँउपालिकाको तर्फवाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैक ग्यारेण्टीवाट १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७ हुलाक मार्फत वोलपत्र पेश गर्नेले वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय भित्र कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । सो म्याद नाघी आएको वोलपत्रलाई मुल्याङ्कनमा समावेश गरिने छैन । कुनै शर्त राखि पेश गरेको र रीत नपुगेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

८ नदी किनार तथा आसपासका बनस्पति र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ वायाँ निषेधित स्थान वाहेक तोकिएको स्थानवाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सूर्योदय देखि सूर्यास्त सम्म मा नदिजन्य पदार्थ झिक्न पाईनेछ । हावा चलेको वेलामा पानी चुहिने गरी धुलो उड्ने गरी ओभरलोड हुने गरी ढुवानी गर्न पाईने छैन ।

९ पुल, कजवे तथा कल्भटकाबाट दुबै तर्फका सडकमा पर्ने पुलहरुको २०० मिटर अपस्ट्रिम २०० मिटर डाउन स्ट्रिम सम्म ढुङ्गा, रोडा, गिट्टि र वालुवा निकाल्न पाइने छैन ।

१० घाटसम्म जाने बाटोको निकास आफै ब्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ ।

११ नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असरपर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोपत्रदाता स्वयंले ब्यहोर्नुपर्नेछ ।

१२ ढुङ्गा, गिट्टी, रोडा, वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ ।

१३ ढुङ्गा, गिट्टी, रोडा, वालुवा समेतको कारोवार गर्दा वालश्रमको प्रयोग निषेध गरिएको छ । वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाइनेछैन । मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ ।

१४ नदि , खोला, वगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरी संकलित माल बस्तु जम्मा गर्न पाईने छैन।

१५ वोलपत्रका सम्वन्धमा थप केही वुझ्न परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी वुझ्न सकिने छ। साथै विस्तृत विवरण वोल पत्र फाराम साथ उपलब्ध गराइनेछ ।

१६ आ.व २०७६/०७७ का केहि महिना नेपाल सरकारको निर्णयले घाट वन्द भएमा कार्यसमयावधि सोहि बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोहि समयावधिमा

प्रमुख प्रशासकीय अधिकृत

विक्री गर्नु पर्नेछ । त्यसका लागि वोलपत्रदाताले कुनै क्षतिपूर्ति वा हर्जनाको माग गर्न पाउने छैन ।

१७ अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आफैले संकलित सामाग्रीको घाटगद्धी गरेर मात्र विक्री वितरणको ब्यवस्था मिलाउनु पर्नेछ । घाटगद्धी गर्दा लाग्ने खर्च ठकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१८ वोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गाँउपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ ।

१९ स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पलना गर्नुपर्ने शर्तहरु, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा, गिट्टी, रोडा, वालुवाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ ।

२० उल्लेखित न्युनतम रकम मु.अ.कर र अग्रिम आयकर वाहेक रहेको छ । वोलपत्रदाताले कवोल रकममा मु.अ. कर र अग्रिम आयकर समेत जोडी दाखीला गर्नु पर्नेछ ।

२१ वोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ ।

२२ वोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ । कार्यालयले आवश्यक नठानेमा जुन सुकै चरणमा पनि आशिंक वा पुरै वोलपत्र प्रक्रिया रद्द गर्न सक्नेछ ।

२३ यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । नेपाल सरकार प्रदेश सरकार र गाँउपालिकाले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ ।